आँबुखैरेनी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

आँबुखैरेनी, तनहुँ
गण्डकी प्रदेश, नेपाल
२०७३

पत्र संख्याः ०८३/०८४
चलानी नं:

**कार्यक्रम सञ्चालनका लागि प्रस्ताव आह्वान सम्वन्धी सूचना।**

प्रथम पटक सूचना प्रकाशन मिति:२०८३/०६/०५

यस आबुखैरेनी गाउँपालिकाको आर्थिक वर्ष २०८३/०८४ को बार्षिक स्वीकृत गण्डकी प्रदेश सरकारबाट बित्तीय हस्तान्तरित विशेष अनुदान तर्फको **ग्रामिण भेगका सिमान्तकृत (चेपाङ्ग,भुजेल) तथा आदिवासी जनजाती समुदायको उत्थानका लागि एकिकृत कृषि तथा पशुपंक्षी प्रवर्द्धन कार्यक्रम** अन्तर्गत तपशिलका कार्यक्रममा अनुदान उपलब्ध गराईने हुँदा अनुदान प्राप्त गर्न इच्छुक र योग्यता पुगेका कृषक समूह,कृषि सहकारी र कृषि फर्म/कम्पनीहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र गाउँपालिकाको कृषि शाखा वा सम्बन्धित वडा कार्यालयमा आवश्यक कागजात सहित अनुसूची-२ बमोजिमको ढाँचामा आवेदन तथा अनुसूचि-३ बमोजिमको ढाँचामा कार्यक्रम सञ्चालन सम्बन्धि प्रस्ताव दर्ता गर्नुहुन सम्बन्धित सवैमा जानकारी गराईन्छ।

<u>तपशिल:</u>

| क्र.स | सञ्चालन हुने कार्यक्रम | अनुदान प्रतिशत | आवश्यक मापदण्ड | कैफियत |
|---|---|---|---|---|
| १ | रैथाने बाली संरक्षण प्रवर्द्धन कार्यक्रम | ७५ | कृषक समुह र सहकारीको हकमा कम्तिमा १० रोपनी र कृषि फर्म कम्पनीको हकमा २ रोपनीमा खेती गर्नुपर्ने छ। | |
| २ | बाख्रा प्रवर्द्धन कार्यक्रम | ७५ | कार्यविधि बमोजिम। | |
| ३ | व्यवसायि मौरी प्रवर्द्धन कार्यक्रम | ७५ | कृषक समुह र सहकारीको हकमा कम्तिमा २० घार र कृषि फर्म कम्पनीको हकमा ५ घार माग गर्नुपर्ने छ। | |
| ४ | व्यवसायि फलफूल खेती प्रवर्द्धन कार्यक्रम | ७५ | कृषक समुह र सहकारीको हकमा कम्तिमा १० रोपनी र कृषि फर्म कम्पनीको हकमा २ रोपनीमा खेती गर्नुपर्ने छ। | |
| ५ | तरकारी खेती प्रवर्द्धन कार्यक्रम/व्यवसायिक तरकारी उत्पादन कार्यक्रम | ७५ | कृषक समुह र सहकारीको हकमा कम्तिमा १० रोपनी र कृषि फर्म कम्पनीको हकमा २ रोपनीमा खेती गर्नुपर्ने छ। | |
| ६ | मकै बाली प्रवर्द्धन कार्यक्रम | ७५ | कृषक समुह र सहकारीको हकमा कम्तिमा १० रोपनी र कृषि फर्म कम्पनीको हकमा २ रोपनीमा खेती गर्नुपर्ने छ। | |

विकास चन्द्र शर्मा
प्रमुख प्रशासकीय अधिकृत

पत्र संख्याः ०८३/०८४ २०७३
चलानी नंः

| | | | | |
|---|---|---|---|---|
| ७ | मसलाबाली(अदुवा,वेशार,र अलैची) क्षेत्र विस्तार कार्यक्रम | ७५ | कृषक समुह र सहकारीको हकमा कम्तिमा १० रोपनी र कृषि फर्म कम्पनीको हकमा २ रोपनीमा खेती गर्नुपर्ने छ। | |
| ८ | कफी खेति प्रवर्द्धन कार्यक्रम | ७५ | कृषक समुह र सहकारीको हकमा कम्तिमा १० रोपनी र कृषि फर्म कम्पनीको हकमा २ रोपनीमा खेती गर्नुपर्ने छ। | |

आवश्यक कागजातहरु:

१.स्वीकृत ढाँचामा निवेदन।

२.नागरिकताको प्रमाणपत्रको प्रतिलिपि।

३.कार्यक्रममा समावेश हुने सम्बन्धि बैठकको निर्णयको प्रतिलिपि।

४.कृषक समुह/सहकारी र फर्मको हकमा दर्ता प्रमाणपत्रको प्रतिलिपि।

५.स्थायि लेखा नम्बरको प्रमाणपत्रको प्रतिलिप।

६.कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि।

७.जग्गाधनि प्रमाणपत्रको प्रतिलिपि।

८.जग्गा भाडामा लिई खेतिपाति गरिरहेको भएमा कम्तिमा ५ वर्षको भाडा सम्झौताको प्रतिलिपि।

९.सार्वजनिक लेखा परिक्षणको प्रतिलिपि(समुह र सहकारीको हकमा)।

०८३/०६/०५

विकास चन्द्र शर्मा
प्रमुख प्रशासकीय अधिकृत